# अध्याय एक

## परिचय

### १.१ पृष्ठभूमि

नेपालमा अनौपचारिक रुपमा शिक्षाको विकास परापूर्वकाल देखि नै भएको पाइन्छ । परापूर्वकालमा ऋषिमुनीहरुले विभिन्न पुराण, वेद आदिको अध्ययन गरेबाट समेत यो कुरा पुष्टि हुन आउँछ । यसै गरी राणाकालमा समेत अनौपचारिक रुपमा शिक्षाको विकास नभएको भने होइन । यद्यपि उक्त शिक्षा प्रणालीमा आम जनताका छोराछोरी भने शिक्षाको पहुँचबाटे टाढै थिए । यसरी सर्वसाधारणको लागि भने वि.सं. १९४२ माश्री ३ वीर शमशेरका पालामा दरबार हाइस्कूल खुला भएको पाइन्छ । वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि पनि नेपालमा मौलिक रुपमा शिक्षाको विकास हुन सकेन । पञ्चायती व्यवस्था सुरु भएपछि नयाँ शिक्षा योजना, २०२८ ले सार्वजनिक शिक्षाको नाममा पञ्चायती भजन गाउने शिक्षा लागु गऱ्यो । यसमा वि.सं. २०३२ सालमा ३ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरियो । नेपालमा वि.सं. २०३६ सालमा उच्च शिक्षा लागु, वि.सं. २०४३ सालमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना, वि.सं. २०४५ सालमा सिटिइभिटिको स्थापना र वि.सं. २०४६ सालदेखि उच्च शिक्षा परिषदको स्थापनासँगै उच्च शिक्षामा सर्वसाधारण जनताको पहुँच स्थापित हुँदै आएको पाइन्छ (गिरी, २०७४) ।

शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गराउनुका साथै मुलुकको निमित्त अपरिहार्य, उत्पादनशिल, अनुशासित, देशभक्त, चरित्रवान र दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षाले सामाजिक परिवर्तनको वाहकका साथै

समाजमा रहेका रीतिरिवाज, संस्कृति आदिको संरक्षणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षानै यस्तो एउटा सशक्त माध्यम हो जसले समाजको गतिसँगै आम मानव जातिलाई अघि बढ्न सिकाउँछ (के.त.वि., २०५४) ।

नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा जम्मा १२५ जातजातिहरु र १२३ भाषाहरुका साथै ५९ प्रकारका आदिवासी जनजातिहरु पनि रहेको पाइएको छ । जसमध्ये विशेष गरी तराई क्षेत्रमा बसोबास गर्दै आएका सतार जाति पनि एक हो । जुन जाति शिक्षाको पहुँचबाट टाढै रहेको पाइन्छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०५८ का अुनसार सतार जातिलाई अतिसिमान्तकृत अन्तर्गत सुचिकृत गरिएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०५८ का अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्रागत रितिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनु पर्दछ । जनजातीय भनेको जनजाति समुहको सांस्कृतिक तथा सामुहिक चेतना हो (श्रेष्ठ, २०७३) ।

जनजाति एकै किसिमका छैनन् । उनीहरुको सामाजिक, सांस्कृतिक पृष्ठभूमि एकै किसिमको छैन । आर्यन, मंगोलियन, ककेसस, द्रविड लगायत विभिन्न जातजाति तथा जनजातिहरुमा विविधता रहेको पाइन्छ । फरक फरक उत्पत्ति, फरक फरक सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रणालीका कारण जनजातिय समूहमा विविधता पाइन्छ (गुरुङ, २०००) ।

सतारहरु राजपुतनामा पुसलमानको आक्रमण भएपछि नेपालमा आएका हुन् र शत्रुहरुको हमलामा पनुभन्दा बरु भाग्नु निको मानी यिनीहरु आ-आफ्नो नोकरका साथ भागी नेपालमा पसेका थिए (विष्ट, १९७६) ।

यसरी नेपालमा शिक्षाको अनेकौं लहर चल्दा सम्म पनि सतार जातिलाई शिक्षाको मूल पर्वाहमा किन समेट्न सकिएन? उनीहरु शिक्षाको पहुँचबाट टाढै रहनमा के-के कुराहरु जिम्मेवार छन् ? उनीहरुको शिक्षा प्राप्तिको उचित वातावरण सिर्जना हुन नसक्नुमा उनीहरुको आम सोचाइ, रीतिरिवाज, संस्कार, परम्परा आदि जिम्मेवार छन् त भन्ने लगायतका प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न यस अध्ययनमा गरिने छ । यस अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा सतारहरुको बाहुल्यता रहेको झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ को सतार गाउँलाई छनौट गरिएको छ ।

## १.२ समस्याको कथन

सतार जातिहरुले अरुको घरको साथै जमिन्दारहरुको घरको काम गर्नुपर्ने अवश्था रहेको छ ।दैनिक ज्यालादारी लगायतका कामबाट आर्जन गरेको रकमबाट दैनिक गुजारा चलाउनु पर्ने र शिक्षाबाट तुरुन्तै प्रतिफल प्राप्त नहुने हुँदा अधिकांश सतार जातिका मानिसहरु विद्यालय जानबाट बन्चित रहेका छन् ।

नेपालका पूर्वी भेगमा विशेषतः सतार समुदायमा व्याप्त गरिवीका कारण परिवारको पालनपोषण गर्न र अन्य खर्च टार्नका लागि रकमको अभाव भएपछि जमिन्दारबाट ऋण लिनु पर्ने बाध्यता थियो । यसरी सतारहरु विशेषतः शैक्षिक स्तर, आर्थिक स्तर, राजनैतिक स्तर, सामाजिक स्तर आदि क्षेत्रबाट पछि परेका छन् ।

नेपालमा सतार जाति तराईका विभिन्न जिल्लाहरुमा बसोबास गर्दै आएका एक अति सिमान्तकृतजाति हुन् । यी जाति विशेषतः तराईको झापा, मोरङ र सुनसरीमा बसोबास गर्दछन् । यो जातिको मुख्य पेशा खेती व्यवसाय, चियावगानमा काम गर्ने, अरुको घरमा काम गर्ने, ज्यालादारीमा काम गर्ने, पशु

पालन गर्ने आदि रहेको पाइन्छ । आर्थिक अवस्था कमजोर भएको कारण र पढेर तत्कालै फाइदा नहुने भएकोले उनीहरुदैनिक गुजारा गर्नका निमित्त दैनिक ज्यालादारी लगायतका काममा जाने गरेको पाइन्छ ।

नेपालमा अनौपचारिक, औपचारिक धार्मिक संघसंस्थाहरुबाट शिक्षा दिने चलन धेरै समय अघिदेखि भएतापनि २०६८ सालको जनगणना अनुसार ६५.५ प्रतिशत साक्षर छन् भने ३४.९ प्रतिशत अझै पनि निरक्षर छन् । करिव ८-९ प्रतिशत प्राथमिक तह उमेर समुहका बालबालिका विद्यालय जानबाट वन्चित छन् । कक्षा र तह बढ्दै जाँदा क्रमशः विद्यार्थी संख्या घट्दै गइरहेको अवस्था छ । भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक समस्या आदिका कारणले गर्दा विद्यालय नआउने संख्या बढिरहेको छ । यसरी शिक्षा जस्तो मौलिक अधिकार र जीवनका आधारभूत आवश्यकताका रुपमा रहेको शिक्षामा सबै वर्ग, क्षेत्र, सम्प्रदाय, जातजाति, लिंग आदिको समान सहभागिता हुनु जरुरी छ ।

सतार जातिको शिक्षा माथिको पहुँचलाई उक्त समाजको सोचाइ, आर्थिक कारण, अभिभावकको अशिक्षा र चेतनाको कमी आदिको कारणहरुले गर्दा आज पनि सबै सतार बालबालिकाको पहुँच शिक्षामा पुग्न सकेको छैन । घरपरिवारका सदस्यहरु धुम्रपान, मद्यपान लगायतका कुलतमा लाग्नु, छोराछोरीको राम्रो हेरविचार नगर्नु, उनीहरुले पढाइ प्रति चासो नराख्नु नै मुख्य कारणका रुपमा रहेको पाउन सकिन्छ ।

के सतारहरुको शिक्षामा उनीहरुकै सोचाइ,मानसिकता, उनीहरुको अभिभावकहरुको उत्तरदायित्वको अभावमात्र उनीहरुको शिक्षामा पहुँच नहुनुको पछाडीको कारणहरु हो त? आजको एक्काइसौं शताब्दीमा पनि उनीहरुको सोचाइमा परिवर्तन आएको छैन त? विगतको तुलनामा सतार जातिको शिक्षाको

क्षेत्रमा के कस्तो प्रगति भएको छ त? र हाल उनीहरुको शिक्षिक अवस्था कस्तो छ त? लगायतका मुल विषयहरुलाई उठान गरी यस शोधपत्रको समस्याको कथनका रुपमा निम्न प्रश्नलाई उठान गरिएको छ ।

यी र यस्तै समस्याहरुको उठान गर्दै सतार जातिको शैक्षिक अवस्थाका बारेमा अध्ययन क्षेत्रका रुपमा सतार समुदायको बाहुल्यता रहेको झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ को सतार गाउँलाई लिइएको छ ।

## १.३ अध्ययनको उद्धेश्यहरु

कुनै पनि अध्ययन, अनुसन्धानको गर्नु पूर्व त्यसको उद्धेश्य यकिन गर्न आवश्यक हुन्छ । उद्देश्य नभए लगाम विनाको घोडा जस्तै गन्तव्यमा पुग्न सकिँदैन । यस अध्ययनको उद्धेश्य झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ७ को गाउँमा बस्दै आएका सतार जातिको शैक्षिक अवस्था पत्ता लगाउने रहेको छ । यद्यपि यस अध्ययनको मुख्य उद्धेश्यलाई निम्नानुसार बुँदागतरुपमा उल्लेख गरिएको छ :-

सतारको जातिको वर्तमान शैक्षिक अवश्थाको अध्ययन गर्ने ।

सतार जातिको शैक्षिक अवश्थामा प्रभाव पार्ने तत्वहरुको अध्ययन गर्ने ।

सतार जातिको शिक्षा प्रतिको धारणाको अध्ययन गर्ने ।

विद्यालय जाने सतारहरु किन र कसरी जान्छन भन्ने कुराको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

सतार समुदाय नेपालको अति नै विपन्न र पछाडी परेको समुदाय हो । विकासको मुल प्रवाहमा ल्याउन राज्यले नै ऐतिहासिक रुपमा उनीहरुलाई उपेक्षा र विभेद गरेको देखिन्छ जुन विषयलाई वर्तमान समयमा सतार लगायत अन्य यस्तै

समुदायले उठाइरहेको समस्या र मुद्धाहरुले पनि पुष्टि गर्दछ । सतार समुदाय जस्तो विभेद र शोषणमा परेको सिमान्तकृत समुदायका थुप्रै समस्याहरु भए तापनि शैक्षिक अवस्थामा देखिएका समस्या पनि एउटा मुल र महत्वपूर्ण समस्या हो । अरुको घरमा कामगर्न जाने, ज्यालादारीमा कामगर्न जाने लगायतका कारणहरुले गर्दा सतार जातिहरु शिक्षाको उज्यालो ज्यातिबाट बन्चित हुन पुगेका हुन् ।

सरकारले निःशुल्क रुपमा शिक्षा नीति लिएतापनि सतार समुदायलाई त्यसमा मुलप्रवाहीकरण गर्न सकेको देखिँदैन । विभिन्न संघसंस्थाहरुले नेपालका विपन्न वर्गलाई शिक्षा दिने गरेको भए तापनि उक्त सतार बस्तीमा खासै उनीहरुको उपस्थिति नभएको पाइन्छ । हाल आएर पनि उनीहरुको शिक्षाको क्षेत्रमा खासै परिवर्तन पाउन सकिएको छैन । वर्तमान समयमा सतार जातिहरुको शिक्षा प्रतिको लगनशीलता र सहभागिताको स्थिति के कस्तो रहेको छ भन्ने प्रश्नको उत्तर खोतल्नु अत्यन्त जरुरी छ । राजनैतिक स्तरमा विपन्न समुदायहरुका सतार जातिहरुको हक अधिकारहरुको संरक्षण र संवर्द्धन लागि विभिन्न समावेशी र समानुपातिक जस्ता निकै प्रजातान्त्रिक अभ्यासहरुको सार्वजनिक बहस चलिरहेको अवस्थामा निकै जल्दोबल्दो समस्या, सवाल एवं मुद्धा भएको कारणले पनि सतार जातिको शैक्षिक अवस्था के कस्तो रहेको छ, यसबारे अध्ययन गुर्न अत्यन्त महत्वपूर्ण देखिन्छ ।

तसर्थ सिमान्तकृत सतार जातिको शिक्षामा सहभागिताको यथार्थ अवस्था पत्ता लगाउन उनीहरुको शैक्षिक अवस्थासँग सम्बन्धी विभिन्न समस्याहरुको उठान गर्दै ती समस्याहरुको समाधानका लागि सम्बन्धित निकाय, संघ संस्थाहरु तथा राज्यलाई समेत जिम्मेवार बनाउन मद्धत पुऱ्याउनु यस अध्ययनको महत्वपूर्ण पक्ष रहनेछ ।

# अध्याय दुई

## पूर्व साहित्यको समिक्षा

### २.१ पूर्व साहित्यको अध्ययन

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई व्यवस्थित, वैज्ञानिक, परिणाममुखी बनाउनका लागि सैद्धान्तिक समिक्षाको आवश्यकता पर्दछ । तसर्थ सतार जातिको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउनका लागि आधुनिकीकरण सिद्धान्त अन्तर्गत रही अनुसन्धान गरिएको छ ।

अमेरिकन समाजशास्त्री टाल्कोट पार्सन्सले आधुनिकीकरणलाई व्याख्या र विश्लेषण गर्ने सन्दर्भमा सामाजिक क्रियाको संरचना लगायत सामाजिक व्यवस्थासँग सम्बन्धित दृष्टिकोणको विकास गरेका छन् । उनका अनुसार सामाजिक परिवर्तन वास्तवमा सन्तुलनको एउटा अवस्थाबाट अर्को अवस्थामा जाने पक्रिया हो, सरलबाट जटिलतिर जाने सामाजिक उद्विकासको प्रक्रिया हो । सामाजिक उद्विकासको मुख्य चालक शक्ति भनेको अनुकुलनमा आउने परिवर्तन हो । कुनै प्राचिन वा सरल, जटिल वा आधुनिक समाजमा रुपान्तरण हुनको मुख्य कारण नै अनुकुलन हो । सामाजिक विविधिकरणको प्रक्रियाबाटै समाज एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुन्छ । जुन परिवर्तनको क्रमसँगै सामाजिक व्यवस्था भित्र निहित विभिन्न एकाईहरुमा प्रकार्यात्मक विशिष्टता वा संरचनात्मक विविधताहरु थपिदै जान्छन् । उनका अनुसार वर्तमान आधुनिक समाज त्यही प्राचिन समाजकै विकसित स्वरुप हो जुन सामाजिक व्यवस्था भित्रका एकाइहरुमा हुने विविधिकरण, एकिकरण र अनुकुलनको परिणम हो । पार्सन्सका अनुसार कुनै पनि सामाजिक संरचना वा व्यवस्था पाँच वटा विकसित प्रतिमा चलहरुबाट

निर्धारित हुन्छ : Affectivity verses affective Neutrality, Self-orientation verses collevtivity-orientation, Universalism verses particularism, Ascrilption verses Achievement and Specificity verses Diffusensess जसले परम्परागत र प्राचिन मूल्य,मान्यता, अवस्था र विश्वासलाई छोड्दै नयाँ र आधुनिक मूल्य मान्यता र पद्धतिहरुलाई अनुसरण गर्दै जाने प्रक्रियालाई जनाउँछ ( राई र अन्य २०७०) ।

Rostow को आधुनिकीकरणको सन्दर्भमा व्याख्याको अवधारणालाई महत्वपूर्ण अवधारणको रुपमा लिईन्छ । उनका अनुसार कुनै पनि समाज प्राचिन अवस्थाबाट आधुनिक अवस्थामा प्रवेश गर्नका लागि पाँच वटा विकासका चरणहरु हुन्छन् जसलाई अनिवार्य रुपमा पार गरेर मात्रै आधुनिकीकरण तर्फ अघि बढ्न सकिन्छ । उनका अनुसार समाज विकासको सवैभन्दा पहिलो चरण परम्परागत समाज हो जुन समाज विज्ञान तथा प्रविधियुक्त समाज नभएका कारण यस चरण अन्तर्गतको समाजमा उत्पादन तथा वितरणको अवस्था सिमित हुने गर्छ । यो चरणको समाज परम्परागत सामाजिक मूल्य मान्यतामा आधारित हुन्थ्यो । परिवर्तनका निम्ति पूर्वाधार तयार भैसकेको समाज दोस्रो चरणको समाज हो जुन समाजले परम्परागत समाजलाई पूर्ण रुपमा छाडी नसकेको अवस्था र समाज परिवर्तनको पूर्णतः पूर्वाधार तयार हुन्छन् । विज्ञान तथा प्रविधिको प्रयोग र सञ्चालनले स्थायित्व पाउँदै जान्छ । उत्पादनका प्रक्रिया र साधनहरुमा आधुनिकता एवं नवीनता थपिदै परिवर्तन उन्मुख हुन्छ ।

त्यस्तै उनका अनुसार समाज विकासको तेस्रो चरण परिवर्तित समाज हो । नयाँ आविष्कार प्रशस्त औद्योगिक विकासका साथै प्राविधिक क्षेत्रमा भएका विभिन्न

सुधारका कारण यस चरणको समाजलाई आत्मनिर्भरताको चरण मानिन्छ । परिपक्वतातर्फ उन्मुख समाज चौथो चरणको समाज हो , जहाँ समाज आफ्नो अधिकतम स्रोत साधनहरुको उपयोगमा आधुनिक प्रविधिहरुलाई प्रभावकारी ढंगबाट प्रयोग गर्ने स्थितिमा रहन्छ । यस चरण अन्तर्गतको समाजमा पुराना प्रविधिहरु मूल्य मान्यता तथा संस्कृतिहरुलाई नयाँ प्रविधि तथा संस्कृतिहरुले प्रतिस्थापन गर्दछ । र पाँचौ तथा अन्तिम समाज विकासको चरणको रुपमा आम जनसमुदायले सामाजिक उपलब्धीको उपभोग गरिरहेको समाजलाई लिइन्छ जहाँ अधिकतम आम्दानी हुने व्यक्तिहरु विभिन्न किसिमका विलासिताका वस्तुहरुको प्रयोग तथा उपभोग गर्ने गर्दछन् । वस्तुको उत्पादनन भन्दा पनि उपभोगको मात्रा अत्याधिक हुने यस चरणको समाजलाई औद्योगिक सभ्यताको एक महत्वपूर्ण चरणको रुपमा लिइन्छ । जसलाई बढी सरल, सहज र मनोरञ्जनपूर्ण बनाउँछ (Noble, 2000)।

आधुनिकीकरणका थुप्रै आयामहरु छन् जस्तै विश्व राजनितिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक पक्षहरुमा देखिएको स्वतन्त्रता, खुलापन तथा उदारीकरणलाई लिन सकिन्छ । खासगरी विकासशील राष्ट्र जस्तै नेपाल, यहाँका मानिसहरुको स्वतन्त्र रुपमा आधुनिकीकरणका कारणले नेपाली युवा पुस्ताले आफ्नो व्यक्तित्व, व्यवसाय, जीवनशैली तथा परम्परागत मूल्य, मान्यताहरुमा परिवर्तन ल्याएको पाइन्छ । विशेष गरी उनीहरुले पश्चिमेली आधुनिकीकरणतर्फ डोऱ्याउँदै लगेको पाइन्छ (Rai, 2012)।

नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्ने जातजातिहरुको सामाजिक,सांस्कृतिक, आर्थिक, राजनैतिक तथा शैक्षिक पक्षहरुमा स्वदेशी तथा विदेशी विद्वानहरुले केही अध्ययन गरेको पाइन्छ । नेपालको तराई भू-भागमा वस्दै आएका सतार जातिको

बारेमा अध्ययन अनुसन्धान निकै भएको पाइन्छ तर झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ को सतार वस्तीका सतार जातिका मानिसहरुको शैक्षिक अवस्थाबारे खासै अध्ययन अनुसन्धान भएको पाईंदैंन । नेपालको तराई भू-भागमा वस्दै आएका सतार जातिको बारेमा अध्ययन अनुसन्धान निकै भएको पाइन्छ । सतार जाति तराईमा बस्ने हुनाले त्यस ठाँउमा अध्ययन गर्न जाने अध्ययनकर्तालाई असुविधा नभएको हुन सक्दछ । सन् १९५० पछि औलो उन्मुलन हुँदै जाँदा अन्य पहाडी र हिमाली क्षेत्रका बासिन्दाहरु तराईका विभिन्न जिल्लाहरुमा आई बसोबास गर्न थालेको पाइन्छ । सामान्यतया नेपालको सम्पूर्ण तराईको आदिवासीको रुपमा परिचित सतारहरुलाई समेट्ने गरी सतार जातिको बारेमा अध्ययन अनुसन्धान भइरहेको छ ।

धेरै कालसम्म औलोग्रस्त क्षेत्रको रुपमा रहेकोले शिक्षाको क्षेत्रमा यो क्षेत्र पछाडि पर्न गएको हो । वि.सं. २०२८ सालको जनगणना अनुसार अधिराज्यमा १३.९ प्रतिशत जनसंख्या साक्षर रहेको तुलनामा यस जिल्लामा ७.१ प्रतिशत मात्र साक्षर रहनुको प्रमुख कारण यहाँ पहिले रहेको औलोको प्रकोप हो । औलो उन्मुलन पछाडि मानिसहरुको साथसाथै पाठशालाहरुको संख्या बढ्दै गयो । यहाँ बहुसंख्यक सतार वासिन्दाहरुमा पनि आफ्ना केटाकेटीहरुलाई पढाउनुपर्छ भन्ने भावना जागृत हुँदै आएको हुँदा औलो उन्मुलन पछाडि शिक्षाको प्रचारमा यस जिल्लाको शैक्षिक विकासको गति झनै तीव्र हुदै गएको छ ।

सन् १९५० पछिका दशकहरुमा विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुले समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले नेपाली समाजको जातीय व्यवस्थाको ऐतिहासिक प्रक्रिया, जातजातिको विवरणात्मक अध्ययन, जातीय द्धन्द्ध आदि जस्ता विविध पक्षहरुमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरेको पाइन्छ । अध्ययन अनुसन्धान गर्ने विदेशी विद्धानहरुमा प्रो. हेमेन डोर्फले नेपालमा जातीय

अध्ययन सुरु गरी सन् १९६४ मा नेपालका शेर्पा जातिका बारेमा अध्ययन गरेका छन् । त्यस्तै गरी पी.क्याप्लन, मेरी एन मास्लाक, बेनिट, एल कयाप्लन फिडान आदिले समेत विभिन्न जातजातिका बारेमा अध्ययन गरेको पाइन्छ । त्यसैगरी नेपाली विद्धानहरुमा गोपाल सिंह नेपाली (१९६५) ले नेवार जातिको अध्ययन सुरु गरेका हुन् । त्यसपछि अन्य अनुसन्धानकर्ताहरु जस्तै डोर बहादुर विष्ट, डिल्लीरमण रेग्मी, द्रोण प्रसाद रजौरे, ऋषिकेशवराज रेग्मी, गणेशमान गुरुङ लगायतहरुले विभिन्न समयमा अध्ययन अनुसन्धान गरेको पाइन्छ ।

राणाकालको अन्त्य पछि तराईका विभिन्न भागमा स्कूल स्थापनासँगै तराईमा चलेको शैक्षिक लहर, मोटरबाटो, सहभागितामूलक राजनीतिको विकास र सतार समुदायको सुजबुझहरुको राजनीतिसँगको सम्बन्धले पनि आधुनिक सतार पहिचान निर्माणमा ठूलो भूमिका खेलेको छ (गुनारत्न, २००२) ।

केन्द्रिय तथांक विभाग, २०६८ मा उल्लेख भए अनुसार नेपालको कुल जनसंख्याको ३०.८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहका छन् । आर्थिक स्थिति कमजोर भएका परिवारका केटाकेटीहरुले स-साना भाईबहिनीहरुको साथै घरको रेखदेख गर्नु पर्ने बाध्यता रहेको छ । साँझ विहान छाक टार्न मुस्किलमा परेका वा रहेका ती सतार समुदायका घर परिवारलाई विद्यायलको खर्च व्यहोर्न गाह्रो परिरहेको हुन्छ । फलस्वरुप ती परिवारका केटाकेटीहरु शिक्षा क्षेत्रबाट बन्चित भएका हुन्छन् । त्यसै कारणले गरिबी र अशिक्षाका कारणबाट सतार समुदायका बालबालिकाहरु शिक्षाको उज्यालो ज्योती प्राप्त गर्नबाट बन्चित भएका छन् ।

हालनेपालमा विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तहमा विभाजन गरी औपचारिक शिक्षा प्रदान गर्ने गरिएको छ ।यसको अलवा Early childhood

development (ECD) र पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने क्रममा हाल उक्त तहमा ३४१७४ विद्यालयमा छात्रा ५०६७२५ र छात्र ५४६३२६ गरी जम्मा १०५३०५१ रहेको पाइन्छ । नेपाल शैक्षिक सत्र २०६९ मा कुल विद्यालय संख्या ३४७८२ रहेकोमा शिक्षकको संख्या २६५९७१ छ भने कुल विद्यार्थी संख्या ८३३०९८३ रहेको देखिन्छ । गत शैक्षिक सत्रको तुलनामा कुल विद्यालय संख्यामा १.२ प्रतिशतले बृद्धि र कुल शिक्षकको संख्याको ३ प्रतिशतले बृद्धि भएको देखिन्छ । कुल विद्यार्थी संख्या २ प्रतिशतले कमि भएको पाइन्छ । शैक्षिक सत्र २०६९ मा कुल शिक्षक संख्या २६५९७१ रहेकोमा कुल शिक्षक संख्यामा पुरुष ६४.५ प्रतिशतर र महिला शिक्षिका ३५.५ प्रतिशत रहेको पाइन्छ ( के.त.वि. २०११ ) ।

शिक्षित हुन पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो । जसलाई नेपालको वर्तमान संविधानमा समेत मौलिक हकका रुपमा उल्लेख गरेको पाइन्छ । जबसम्म आम नागरिक शिक्षित हुँदैनन् तब सम्म देशले कोल्टे फेर्न असम्भव हुन्छ । आम नागरिकको जीवनयापनमा सहता ल्याउनको लागि पनि आम नागरिक शिक्षित हुन आवश्यक छ , जुन मौलिक हकको रुपमा रहेको छ ।

आदिम कालमा केटाकेटीहरुलाई पढाउने पाठशालको कमी थियो । पुगिसरी आउने मानिसले आफ्ना घरमै शिक्षक राखेर आफ्ना लालाबाला पढाउँथे तर अचेलको परिवेशमा शिक्षाको उज्यालो नेपाल भरि नै फिजिएको छ । सतार जातिले भने अझै पनि आफ्ना लालाबालालाई पढाउन सेकेका छैनन्  (शर्मा, २०४४) ।

नेपालमा रहेका सतार जातिको जनसंख्याको अनुपातमा धेरै कमले शिक्षा पाएका छन् । यस जातिका मानिसहरु सामान्य लेखपढ भए तापनि उच्च शिक्षामा खासै सहभागिता रहेको देखिँदैन । तराईका अन्य जातिहरु राजवंशी, थारुहरुले उच्च शिक्षा लिएका छन् । उनीहरु विभिन्न सरकारी सेवामा संलग्न रहेका छन् र

विभिन्न राजनैतिक दलमा पनि सहभागी भई राज्यको नीति निर्माण तहमा समेत पुगेका छन् तर सतारहरु त्यो स्थान सम्म पुग्न सकेका छैनन् यसको मूल कारण भनेको नै अशिक्षा, अज्ञानता, गरिवी, चेतनाको अभाव र अवसरहरुको कमी नै हो ।

हाल आएर समयको परिवर्तन सँगै देशमा भएका विभिन्न आन्दोलन, परिवर्तनका कारण सतार जाति पनि शिक्षा प्रति उन्मुख त देखिन्छन् तर पनि खेतीपाति, कामधन्दा तिर नै बढी लागेको पाइन्छ । यसको प्रमुख कारण भनको उनीहरु गरिबीको रेखामुनी हुनु नै हो । गरिवीको कारणले गर्दा दैनिक जिविकोपार्जनका लागि ज्यालामजदुरी लगायतको काम गर्नु पर्ने भएका कारण पनि उनीहरु शिक्षामा आकर्षित हुन नसकेका हुन्  (प्रत्यक्ष संवादबाट ) ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी, व्यवस्थित र वैज्ञानिक बनाउनका लागि अनुसन्धान पद्धतिको महत्वपूर्ण भूमिका हुने गर्दछ । यसर्थ यस अध्ययन अन्तर्गत अनुसन्धान कार्यको शिलशिलामा प्रयोग गरिने अध्ययन ढाँचा, अध्ययन क्षेत्रको छनौट, तथ्यांकको स्रोत र प्रकृति, तथ्यांक संकलन विधि, पद्धति, नमुना छनौट विधि तथा तथ्यांकको व्याख्या र विश्लेषण निम्न अनुसार गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यो अनुसन्धान सतार जातिको शैक्षिक अवस्थाका बारेमा जानकारी प्राप्त गर्नु, सतार जातिको शिक्षालाई प्रभावित पार्ने विविध तत्वहरुको खोजी गर्नु तथा शिक्षाले सतार जातिको जीवनमा पारेको प्रभावको अध्ययनगर्नु तर्फ केन्द्रित रहेको हुँदा यसमा शैक्षिक अवस्थाको सम्बन्धमा वर्णनात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरुको वर्णन गरिएको छ भने सतार जातिको शैक्षिक अवस्था र शिक्षा प्रतिको धारणालाई प्रभावित गर्ने समाजमा विद्यमान तत्वहरुको पहिचान गरी त्यसको बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

यस अनुसन्धान प्रक्रियामा सतार जातिको शैक्षिक अवस्थाको बारेमा अध्ययनको लागि अध्ययन क्षेत्रका रुपमा सतारहरुको वाहुल्यता रहेको झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ को सतार गाउँलाई छनौट गरिएको छ ।

यस शोधपत्रमा झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं.७ का सतार जातिलाई नै शोधकर्ताले छनौट गर्नुका पछाडि निम्न कारणहरु रहेका छन् : यस

क्षेत्रमा बसोबास गर्ने सतार जातिको शैक्षिक अवस्थाबारे विस्तृत अध्ययन अनुसन्धान नभएकाले, सतार जातिको शैक्षिक अवस्था पहिले कस्तो थियो र अहिले के कस्तो अवस्थाबाट गुज्रिरहेको छ भन्ने बारेमा अध्ययन अनुसन्धान नभएकाले, यस क्षेत्रका सतार जातिको शैक्षिक उपलब्धी तथा समस्याहरुको विस्तृत पहिचान नभएकाले र यस क्षेत्रका सतार जातिको शिक्षाको क्षेत्रमा के कस्तो रुपमा परिवर्तन भइरहेको भन्ने रुचि शोधकर्तालाई भएकाले ।

## ३.३ समग्रता र नमुना छनौट

सतारहरुको बाहुल्यता रहेको झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ को गाउँमा ३८ घर धुरिमासतार जातिको बसोबासरहेकोछ । त्यस क्षेत्रमा उक्त घरमा रहेका परिवार संख्या, पुरुष, महिलाको संख्या, उनीहरुको रहनसहनको अवस्था, शिक्षाको अवस्था आदि सम्पूर्ण बनौटलाई समावेश गरी तथ्यांक संकलन गरिएको छ । जसलाई जनगणना विधिबाट ३८ घरधुरीविद्यालय जाने उमेर समुहका र विद्यालय जाँदै गरेका बालबालिका भएका १० वटा घरधुरीलाई छनौट गरी अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.४ तथ्यांकको प्रकृति र स्रोत

अध्ययनको विषयसँग सम्बिन्धित आवश्यक तथ्य तथा सूचनाहरु संकलन गर्नका लागि निम्न विधिहरु अपनाइएको छः

**क) प्राथमिक स्रोतः** यस विधि अन्तर्गत प्रश्नावली र अन्तर्वार्ता विधि रहेका छन्, यी विधि मार्फत अनुसन्धानकर्ताको प्रत्यक्ष सहभागिता एवं अवलोकनका आधारमा तथ्यांक संकलन गरिएको छ ।

**ख) द्वितीय स्रोत** : यस विधि अन्तर्गत पत्रपत्रिका, मासिक तथा वार्षिक बुलेटिनहरु, विभिन्न पुस्तक, प्रतिवेदन, शैक्षिक तथ्यांक, शोधपत्र तथा इन्टरनेट आदि रहेका छन् र यी विधिहरुको  यथोचित प्रयोगका आधारमा तथ्यांक संकलन गरिएको छ ।

### ३.५ तथ्यांक संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई भरपर्दो, प्रभावकारी र वैज्ञानिक बनाउनका लागि तथ्यांक संकलन विधिलाई निकै महत्वपूर्ण चरणको रुपमा लिने गरिन्छ । त्यसकारण यस अध्ययनका क्रममा निम्न अनुसारको तथ्यांक संकलन विधिहरु अपनाइएको छ ।

#### ३.५.१ अन्तर्वार्ता

अनुसन्धानकर्ताको आवश्यक सूचना प्राप्त गर्नका लागि व्यक्तिगत रुपमा प्रत्यक्ष सतार जातिका मानिसहरुसँग भेटि उनीहरुको शिक्षा प्रतिको धारणा बुझ्न अन्तर्वार्ताविधिको प्रयोग गरिएको हो । सतार जातिको शिक्षा सम्बन्धी धारणा, उनीहरुमा अन्तरनिहित भावनाहरु, दृष्टिकोणहरु र विचारहरुलाई समेट्नका लागि अन्तर्वार्ता विधिले मद्दत पुऱ्याएको छ ।

### ३.६ तथ्यांकको व्याख्या र विश्लेषण :

यस अध्ययन तथा अनुसन्धानको तथ्यांक संकलनका क्रममा प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरिएको तथ्यांकलाई तालिकाबद्ध गरिएको छ । सतार समुदायको शैक्षिक क्षेत्रमा रहेका समस्याहरु, उनीहरुको शैक्षिक अवस्था आदिमा केन्द्रित रहेर संकलित तथ्यांकको प्रकृति अनुसार वर्गिकरण गरी विश्लेषण तथा तालिकाबद्ध रुपमा प्रस्तुत गरिएको छ । साथै परिमाणात्मक प्रकृतिको तथ्यांकलाई

साधारण तालिकामा प्रस्तुत गरिएको छ भने गुणात्मक प्रकृतिका तथ्यांकलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**३.७अध्ययन क्षेत्रको सीमाः**

छोटो समयमा सम्पन्न गर्नुपर्ने बाध्यता तथा पर्याप्त स्रोत साधनहरुको अभावका कारण झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ को सतार गाउँलाई यस अनुसन्धानको अध्ययन क्षेत्रको रुपमा लिइएको छ । उक्त गाउँमा ३८ घरधुरी सतारहरु बसोबास गर्ने गर्दछन् । ती ३८ वटा घरधुरी मध्ये १० घरधुरीका एक-एक जना अभिभावक र तीनका एक-एक जना स्कुले केटाकेटीसँग जनगणना विधिबाट अध्ययन गरिएको छ । यस सीमित स्थानमा बसोबास गर्ने सतार जातिहरुको शैक्षिक अवस्थाको बारेमा यस अनुसन्धानले समग्र नेपालको तराई भेगमा बसोबास गर्ने सम्पूर्ण सतार समुदायको अवस्थालाई हुबहु समेट्न नसके पनि सतार जातिको शैक्षिक अवस्थाको प्रतिनिधित्व गर्नेछ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको सामान्य परिचय तथा सामाजिक अवस्था

### ४.१ अध्ययन क्षेत्रको सामान्य परिचयः

झापा जिल्ला नेपाल राज्यको १ नं. प्रदेश अन्तर्गत पूर्वी तराईमा पर्दछ । जनसंख्याको दृष्टिकोणले चौथो ठूलो जिल्लाको रुपमा रहेको यस जिल्लाको दक्षिण पूर्वमा विर्तामोड नगरपालिका वडा नं. ७ रहेको छ । विर्तामोड नगरपालिका समुन्द्र सतह देखि ६२-५०० मिटरसम्म फैलिएर रहेको छ । यस नगरपालिका लगभग अण्डाकार आकारमा रहेको छ । यो जिल्ला १ नं. प्रदेशका दुइवटा जिल्लाहरु इलाम र मोरङको सिमाना जोडिएको जिल्ला हो । यो जिल्ला २६.२०" देखि २६.५० " उत्तरी अक्षांश र ८७.३९ " देखि ८८.१२ " पुर्वी देशान्तर सम्म फैलिएको छ । त्यसै गरि यस जिल्लाको सिमाना पूर्वमा पश्चिम बंगाल पश्चिममा मोरङ जिल्ला उत्तरमा इलाम जिल्ला र दक्षिणमा भारतको विहार पर्दछ । यस जिल्लाको औषत लम्बाइ लगभग ४६ कि.मि. र औषत चौडाइ लगभग २९ कि.मि. रहेको छ । यस जिल्ला कुल १६०६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएर रहेको छ । यस जिल्लाको कुल जनसंख्या करिव ८,१२,६५० रहेको छ ।

विर्तामोड नगरपालिका झापा जिल्लाको प्रमुख व्यापारिक केन्द्रको रुपमा रहेको र खेतीपातीका हिसाबले पनि एक उर्वर भूमीको रुपमा रहेको छ । यस नगरपालिकाको वडा नं. सातमा विभिन्न जातजाती क्षेत्री, ब्राह्मण आदिको त बसोवास छँदैछ त्यसका अलावा यस वडामा सतार जातिको करिव ३८ घरधुरीको वसोवास पनि रहेको छ । सतार जातिको कुल जनसंख्या यस वडामा करिव २९६ जना रहको छ । यस वडामा रहेको सतार जातिमा महिलाको संख्या पुरुषको संख्याको तुलनामा केही कम रहेको छ । जसलाई तलको तालिकाबाट अझ स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. १**

लिंगको आधारमा जनसंख्याको बनोट

| सि.नं. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | १३८ | ४६.६२ |
| २. | पुरुष | १५८ | ५३.३८ |
| जम्मा | | २९६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७५

## ४.२ उमेरगत आधारमा सतार जातिको विवरण

अध्ययन क्षेत्रमा उत्तरदाताको परिवारमा विभिन्न उमेर समूहको जनसंख्या रहेको पाइएको छ । उमेर अनुसार सतार जातिहरुको अध्ययनको क्रममा अध्ययन क्षेत्रका ३८ घरधुरी मध्ये १० घरधुरीमा गरिएको स्थलगत अध्ययनमा उक्त क्षेत्रमा ०-१० वर्ष उमेर समूहका बालबालिका मध्ये बालिकाको संख्या भन्दा बालकको संख्या बढी रहेको पाइएको छ ।

हाम्रो जस्तो परम्परावादी सोचाइ भएको समाजमा चेतनाको कमीका साथै अशिक्षाको कारण सतार जातिहरुको छोराप्रतिको चाहना बढी भएको पाउन सकिन्छ । त्यसैले यहाँ उत्तरदाताको परिवारको कुल जनसंख्यालाई उमेरका आधारमा विभिन्न समुहमा विभाजन गरि विश्लेषण गरिएको छ, जुन निम्नानुसार तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं. २

अध्ययन क्षेत्रका उत्तरदाताको परिवार र संख्या

| सि.नं. | उमेर समुह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | ०-१० | २ | ३ | ५ |
| २. | १०-२० | ४ | ७ | ११ |
| ३. | २०-३० | ८ | ८ | १६ |
| ४. | ३०-४० | ८ | ११ | १९ |
| ५. | ४०-५० | ९ | ९ | १८ |
| ६. | ५०-६० | ७ | ५ | १२ |
| ७. | ६०+ | ३ | १ | ४ |
| जम्मा | | ४१ | ४४ | ८५ |

स्रोतः स्थलगत अध्ययन, २०७५

यस तालिकाबबाट ०-१० वर्ष उमेर समुहका ५ जना बालबालिका मध्ये विद्यालय जान सक्ने मध्ये २ जना मात्र विद्यालय गएको पाइएको छ । त्यसै गरि १०-२० वर्ष उमेर समूहका ११ जना बालबालिका मध्ये ४ जनाको केटाहरुको १६ वर्षमा नै विवाह भएको पाइयो भने बाँकी ७ जना मध्ये ३ जना मात्र विद्यालय जाने गरेको पाइयो । त्यसै गरि २०-३० उमेर समूहका व्यक्ति सबैको विवाह भएको पाइयो । ती ८ जना महिला सबै वुहारी भएको र ८ जना पुरुष मध्ये ४ जना वैदेशिक रोजगारका सिलसिलामा २ जना भारतको वंगाल र २ जना खाडी मुलुक मेलेशिया गएको पाइयो । त्यसै गरि ३० देखि माथिका उमेर समूहका ५३ जना मध्ये ११ जनाले सामान्य लेखपढ गरेको र आफ्नो नाम लेख्न सक्ने बताए भने बाँकी निरक्षर रहेको पाइयो । यस स्थलगत अध्ययनबाट के पाइयो भने अचेल मात्र केही मात्रमा बालबालिका विद्यालय जान थालेको पाइयो ।

## ४.३ परिवारको किसिम

परिवार एक सर्वव्यापी सामाजिक संस्था हो । परिवार संख्याका आधारमा सदस्यहरु रहेका हुन्छन् । आमाबावु र उनीहरुका अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ भने तीन वा तीन भन्दा बढी पुस्ता एउटै छानामूनी वस्छन्, एउटै भान्छाको प्रयोग गर्छन् भने त्यसलाई संयुक्त परिवार भनिन्छ । आजको युगमा संयुक्त परिवार भन्दा एकल परिवारमा वृद्धि भएको पाइएतापनि सतार जातिमा संयुक्त परिवार नै वढी रहेको पाइयो ।

यस शोधपत्रको अध्ययनका क्रममा सतार समुदायमा तुलनात्मक रुपमा एकल परिवार भन्दा संयुक्त परिवार नै बढी रहेका पाइयो । पछिल्लो समयमा शिक्षा, सञ्चार तथा जनचेतना लगायतका कारक तत्वका कारण एकल परिवार प्रतिको आकर्षण बढेको पाइएतापनि सतार समुदायका अधिकांश व्यक्तिहरु विभिन्न रोजगारीका सिलसिलामा अथवा ज्यालादारीका काममा घर परिवारबाट टाढा रहने भएका कारण संयुक्त परिवारमा नै रहने गरेको पाइएको छ । यस तथ्यलाई विवरणात्मक रुपमा सतार समुदायको १० घरधुरीका परिवारमा गरिएको सर्वेक्षण अनुसार निम्नानुसार तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. ३

परिवारको बनोटको आधारमा उत्तरदाताको विवरण:

| सि.नं. | परिवारको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल | ३ | ३० |
| २. | संयुक्त | ७ | ७० |
| जम्मा | | १० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा बसोबास गर्ने ३८ घरधुरी सतार जाति मध्ये १० घरधुरीमा गरिएको सर्वेक्षणमा ३ घरधुरी एकल परिवारमा बसोबास गरिरहेको र ७ घरधुरी संयुक्त परिवारमा बसोबास गरिरहेको पाइयो । यस अध्ययनबाट अझै पनि सतार समुदायका मानिसहरु संयुक्त परिवारमा नै बढी मात्रामा बसिरहेको पाइएको छ ।

### ४.४ जमिन

जमिन मानिसको जीवनयापनको मुख्य आधार हो । कुनै पनि पेशा, व्यवसाय गर्न जमिन सबैका लागि अपरिहार्य पर्दछ । नेपाल भौगोलिक रुपमा एक भूपरिवेष्ठित मूलुक हो । यहाँको भुगोल अनुसारको वातावरणीय प्रभाव यहाँका मानिसहरुका लागि जुन मात्रामा बरदान सावित छ त्यसको ठीक विपरित विभिन्न समयमा देखापर्ने प्राकृतिक प्रकोप, बाढी पहिरो, भूकम्प लगायतका समस्याहरुका कारण उत्पन्न सुकुम्बासी समस्या पनि बिकराल समस्या बनेको छ । अर्को हाम्रो समाजमा गरिबीका कारण सम्पूर्ण जमिनको स्वामीत्व जमिनदारलाई सुम्पिनुपर्ने बाध्यता र तत्पश्चात उक्त जमिनदारको दास भएर बाँच्नुपर्ने विवशता यदाकदा केही समुदायहरुमा अझै पनि अस्तित्वमा रहेको देखिन्छ । यद्यपि यस शोधपत्रका लागि छनौट गरिएको अध्ययन क्षेत्रका सतार समुदायहरुमा पनि सुकुम्बासी समस्या लगायतका समस्याहरु विद्यमान रहेको पाउन सकिन्छ ।

मानिसहरु बसोबास गर्नका साथै मानिसहरुका लागि आवश्यक चीज, वस्तु उत्पादनका लागि जमिन महत्वपूर्ण साधन हो । अझ कृषि प्रधान देशका लागि त यसको अत्याधिक महत्व रहने गर्दछ । सतार समुदायको १० घरधुरी परिवारको स्वामित्वमा रहेको भूमिको अवस्थालाई निम्न लिखित तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं. ४

सतार घरपरिवरको स्वामित्वमा रहेको भूमिको विवरण :

| सि.नं. | भू-स्वामित्व | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भूमिविहिन | २ | २० |
| २. | १ कट्ठा | ४ | ४० |
| ३. | ३ कट्ठा | ३ | ३० |
| ४. | ५ कट्ठा | १ | १० |
| जम्मा | | १० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

माथिको तालिकाबाट विर्तामोड नगरपालिका वडा नं. ७ को सतार गाउँमा गरिएको अध्ययनमा जम्मा ३८ घरधुरीमध्ये १० घरधुरीमा गरिएको प्रत्यक्ष अध्ययनमा २ वटा घरपरिवार भूमिविहिन भएको र अन्य पनि सामान्य घर बनाउन र आफ्नै घरपरिवारको लागि खपत हुने तरकारी उत्पादन गर्न पुग्ने मात्रको जमिन रहेका पाइयो ।

यस अध्ययनबाट के पुष्टि हुन्छ भने आफ्नो घर परिवार चलाउनका लागि भएतापनि अरुको घरमा ज्यालादारीमा काम गर्न जानु पर्ने, अरुको जग्गा अधिया गरेर गुजारा चलाउनु पर्ने, चियाबारीमा काम गर्न जानुपर्ने लगायत रहेका पाइएको छ ।

# अध्याय पाँच

## सतार जातिको शैक्षिक अवस्था

### ५.१ सतार जातिको शैक्षिक संस्था र शिक्षाप्रतिको धारणा

शिक्षालाई मानिसको तेस्रो नेत्रको उपमा दिने गरिन्छ । शिक्षित मानिस र समुदायले समाजका परम्परागत कुरीति र विसंगतिहरु तथा प्रगतिका बाधक तत्वहरुलाई पन्छाएर अघि बढ्ने आँट गर्दछ तर अशिक्षित प्रायले आँट गर्न मुस्किल हुन्छ । आजको एक्काइसौं शताब्दीमा सामाजिक-सांस्कृतिक,आर्थिक तथा राजनैतिक रुपमा मानिसको पहुँच र सम्पन्नताका लागि शिक्षा महत्वपूर्ण देखिन्छ । जसरी हामीलाई हाम्रो शरीर वृद्धि विकासको लागि खाना, पौष्टिक तत्वको आवश्यकता पर्दछ त्यसै गरी चेतनाको विकासका लागि शिक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ । आज विश्वका कतिपय मूलुकहरुमा शैक्षिक गुणस्तरीयता र शैक्षिक चेतनामा भएको अभिवृद्धिका कारण छिटो विकास सम्भव भयो र ती मूलुकहरु समृद्ध देशको सूचीमा पर्न सफल भएका छन् । घरपरिवार, छरछिमेक, गाउँ, शहर तथा सिंगो समाज र राज्यको सर्वाङ्गिण विकासका लागि शिक्षा मात्र एउटा गतिलो र दरिलो माध्यम हो ।

नेपालमा राष्ट्रिय जनगणना, २०६८ का अनुसार १२५ जातजाति रहेका छन् । ती जातजाति मध्येको सतार जाति पनि एक जाति हो । अन्य जातजातिको तुलनामा सतार जातिको साक्षरता दर अझै पनि न्यून रहेको पाइन्छ । समयले अनेकौं कोल्टे फेरि सक्दा पनि, देशमा भएका अनेकौं आमूल परिवर्तन, विभिन्न जातीय उत्थानका लागि भएका आन्दोलन पश्चात पनि सतार समुदायको शैक्षिक स्तर अझै माथि उठ्न सकेको छैन । अभिभावकको अशिक्षा, अज्ञानता, गरिवी, जनचेतनाको अभाव, भूमिहिनता लगायतका समस्याका कारण आज पनि सतार जातिका बालबालिकाहरु शिक्षाको उज्यालो ज्योतीबाट पछाडी परेका छन् ।

वर्तमान समयमा विभिन्न सरकारी र गैह्र-सरकारी संघ संस्थाहरुको शिक्षा क्षेत्रमा विभिन्न लगानी गरेको, विभिन्न जनचेतनामूलक कार्यक्रम चलाएको, विभिन्न किसिमका छात्रवृत्ति दिइएको भनिएतापनि सतार जातिसम्म यस्ता कुनै पनि संघसंस्था हालसम्म पुग्न नसकेको पाइन्छ ।

विर्तामोड नगरपालिका झापा जिल्लाको एउटा प्रमुख व्यापारिक केन्द्रका रुपमा रहेको र प्रमुख चोकबाट करिब ३ किलोमिटरको दुरीमा मात्र रहेको यो सतार वस्ती अझै पनि शिक्षा लिनबाट बन्चित रहेको पाइन्छ । मूलतः यस जातिका मानिसहरुको सानै उमेरमा विवाह हुने गरेको पाइन्छ । विवाह पश्चात बुहारीले पढ्न पाउँदैन भने पुरुष घरको जोहो गर्न अरुको घरमा काम गर्न जाने, ज्यालादारीमा काम गर्न जाने, रोजगारीका सिलसिलामा घर छोड्नु पर्ने बाध्यात्मक अवस्थाका कारण पनि सतार जातिका मानिसहरु शिक्षा लिनबाट वन्चित भएका छन् ।

अन्य जनजातिहरु आज शिक्षा क्षेत्रमा निकै नै अग्रसर रहेको पाउन सकिन्छ । तराईका थारु समुदायका मानिसहरुले शिक्षामा निकै प्रगति गरिरहेको पाउन सकिन्छ । त्यसै गरी पहाडका जनजातिहरु राई, लिम्बु, मगरहरु पनि निकै नै शिक्षित भइसकेको विभिन्न तथ्यांकबाट पाउन सकिन्छ । तर पनि  सतार जातिका मानिसहरु अझै शिक्षा क्षेत्रमा पछाडि रहेको, उनीहरुको शैक्षिक स्थिति निकै नै दयनीय रहेको अध्ययन क्षेत्रका ३८ घरधुरीमध्ये १० घरधुरीमा गरिएको निम्नानुसारको अध्ययनले अझ स्पष्ट पार्दछ । जसलाई निम्नानुसाको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

अध्ययन गरिएको १० घरधुरीको शैक्षिक अवस्था :

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
| --- | --- | --- | --- |
| १. | निरक्षर | २५ | २९.४१ |
| २. | अनौपचारिक | २० | २३.५३ |
| ३. | औपचारिक | ४० | ४७.०६ |
| जम्मा | | ८५ | |

स्रोत: स्थलगत अध्ययन, २०७५

माथिको तालिकाबाट के कुरा प्रष्ट हुन आउँछ भने अध्ययन गरिएको क्षेत्रको १० घरधुरीमा अलिअलि पनि लेख्न पढ्न नजान्ने व्यक्तिहरुको संख्या २५ जना रहको पाइएको छ, जसमा ५०-५५ वर्षभन्दा माथिका रहेका छन् । उनीहरुको आर्थिक अवस्था एकदमै कमजोर हुनका साथै दैनिक गुजारा चलाउन समेत कठिन परिरहेको अवस्थामा शिक्षा क्षेत्रमा लगानी लगाउन नसक्नु, बाबुआमा अशिक्षित भएको कारण छोराछोरीलाई पढाउनु पर्छ भन्ने मान्यताको विकास हुन नसक्नु, बाबुआमा मद्यपान लगायतका कुलतमा पर्नु आदिका कारण उनीहरु शिक्षा क्षेत्रबाट टाढै रहनु परेको हो । साथै कतिपयले अरुको घरमा हलि बस्नु पर्ने बाध्यात्मक अवस्थाका कारण समेत विद्यालय जान नपाएको गुनासो व्यक्त गरेका छन् । त्यसै गरी सामान्य लेखपढ गर्न जान्ने, अनौपचारिक शिक्षा हासिल गरेकाहरु २० जना रहेका छन् । जसमा उनीहरुले विभिन्न प्रौढ शिक्षा, बालविहानी लगायतका अनौपचारिक शैक्षिक कार्यक्रम मार्फत आफुले सामान्य लेखपढ गर्न जानेको कुरा बताएका छन् ।

माथिको तालिकाका आधारमा यो भन्न सकिन्छ कि आजभोलि औपचारिक शिक्षा तर्फ सतार जातिको समेत आकर्षण बढ्दै गएको पाइन्छ । १० घरधुरीका करिब ८५ जना

सतार जातिका मानिसहरुमा करिब ४० जना सतारहरु औपचारिक शिक्षामा संलग्न भएको स्थलगत अध्ययनबाट पाइएको छ । हाल विद्यालय नजिकै भएका कारण, विभिन्न टेलिभिजन, रेडियोमा प्रसारित चेतनामुलक कार्यक्रमबाट उत्प्रेरित भएको कारण, वैदेशिक रोजगार लगायतमा अभिभावक संलग्न भएर छोराछोरीलाई पढाउनु पर्छ भन्ने मान्यताको विकास भएको कारणले समेत आजका पिढीहरु अनौपचारिक भन्दा पनि औपचारिक शिक्षातर्फ बढी आकर्षित भएको उक्त स्थलगत अध्ययनबाट पाइएको छ ।

## ५.२ सतार जातिको वर्तमान शैक्षिक अवस्था

समय र परिस्थिति अनुकुल मानिसलाई परिवर्तित तुल्याउन शिक्षाको महत्वपूर्ण भूमिका हुने गर्दछ । वर्तमान समयमा हरेक व्यक्तिका लागि शिक्षा एउटा अपरिहार्य विषय नै बन्न पुगेको छ । शिक्षाबाट बन्चित व्यक्तिलाई बदलिँदो समाजमा भिज्न निकै मुस्किल हुने गरेको देखिन्छ । पछिल्लो समयमा राज्यको नीतिगत व्यवस्था र विभिन्न गैर सरकारी संस्थाहरुको शैक्षिक गतिविधि तथा सञ्चार माध्यमको व्यापकतासँगै हरेक समुदाय र समाजमा जनचेतना र शिक्षाको लहर नै फैलिएको छ । शिक्षा मानिसको तेस्रो नेत्र हो । ज्ञान प्राप्त नगरी जीवनमा अघि बढ्न कठिन छ भन्ने सोच सतार समुदायमा पनि विकसित हुन थालेको देखिन्छ ।

अध्ययन क्षेत्रका ३८ घरधुरी मध्ये १० घरधुरीमा गरिएको अध्ययन अनुसार उनीहरुको वर्तमान शैक्षिक अवस्था के-कस्तो छ? पहिलेको तुलनामा सतार समुदायले आफ्ना बालबालिकाहरुलाई शैक्षिक क्षेत्रमा सहभागी गराउँछन् कि गराउँदैनन्? भन्ने प्रश्नको उत्तरमा उत्तरदाता १० घरपरिवारका अभिभावकले दिएको विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ :

५-२० वर्ष उमेर समूहका बालबालिकाको शैक्षिक अवस्थाको विवरण:

तालिका नं. ६

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साक्षर | ९ जना | ६० |
| २. | निरक्षर | ६ जना | ४० |
| जम्मा | | १५ जना | |

माथिको तालिकाबाट के कुरा प्रष्ट हुन आउँछ भने समयको परिवर्तनसँगै सतार जातिका मानिसहरुले उनीहरुका बालबालिकाहरुलाई विद्यालय पठाउन थालेको पाइएको छ । वृद्ध पुस्ता निरक्षर भएतापनि बालबालिकाले उच्च शिक्षासम्म शिक्षा हाँसिल नगरेको भएतापनि साक्षर भने रहेको स्थलगत अध्ययनबाट पाइएको छ ।

उत्तरदाताका अनुसार अभिभावकले हाल आएर छोराछोरीहरुलाई विद्यालय पठाउन थालेको पाइएको छ । वि.सं. २०४८ सालमा आएको बाढीसँगै विस्थापित भएर हालको ठाउँमा बस्दै आएका र हाल नजिकै अन्य समुदायका मानिसहरु पनि बसोबास गर्ने भएबाट ती समुदायका मानिसका छोराछोरी विद्यालय गएको देखेर पनि सतार अभिभावकले आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउन थालेको उक्त अध्ययनबाट पाइएको छ ।

कतिपय अभिभावकले आफ्ना बालबालिकाहरुलाई निजि विद्यालयमा समेत पठाउने गरेको पाइएको छ ।

विगतमा विद्यालयको तर्फबाट छात्रवृत्तिहरु प्रदान गरिएतापनि यो वर्ष भने सो प्रदान नगरिएको पाइएको छ । अन्य विद्यालयहरुमा सिविन, रेडक्रस लगायतका संस्थाले बालबालिकाको पढाइमा सहयोग गरेका पाइएता पनि त्यस अध्ययन क्षेत्रका सतार बालबालिकाहरु माझ भने हाल सम्म पनि कुनै सहयोगी संस्था पुगेको पाइएन ।

## ५.३ सतार जातिको शैक्षिक उपलब्धी

आजको समयमा शिक्षा प्रत्येक व्यक्ति, परिवार र समाजका लागि अनिवार्य आवश्यकता भए तापनि उक्त आवश्यकता पूर्ति गर्नका लागि उक्त व्यक्ति, परिवार र समाजको सोच र दृष्टिकोण अनुसार भर पर्नुपर्ने हुन्छ । कतिपय समाजको परम्परागत सोचाइ, प्रथा, परम्परा र रुढीवादी चिन्तनका कारण शैक्षिक रुपमा अघि बढ्न नसकेको देखिन्छ ।

यस शोधपत्रका लागि छनौट गरिएको अध्ययन क्षेत्रमा सतार समुदायका पनि समस्याहरु त निश्चित रुपमा छदैंछन् । उक्त समुदायमा शिक्षा प्रति मानिसको धारणा नकारात्मक पाइन्थ्यो त्यही भएर पनि पहिलाका पुस्ताहरु शिक्षा लिनबाट बन्चितीमा परेको पाइयो । हाल आएर शिक्षा प्रतिको सतार समुदायको धारणामा त परिवर्तन आयो तर पनि गरिवी, बेरोजगारी आदिका कारण उनीहरुका बालबालिकाले शिक्षामा त्यति समय दिन पाएको देखिदैन । सानो छँदा विद्यालय गए तापनि उमेर बढेसँगै विद्यालय समेत छोडेको उक्त स्थलगत अध्ययनबाट देखिएको छ ।

## ५.४ अध्ययन क्षेत्रका सतार जातिका बालबालिकाको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरुः

कुनै पनि व्यक्तिको शैक्षिक अवस्थालाई उक्त व्यक्तिको पारिवारिक वातावरण, छर-छिमेकीको र समाजको वातावरण, साथी संगत आदिले प्रभाव पारेको पाइन्छ । समाजका व्यक्तिहरु परम्परागत मूल्य, मान्यतामा विश्वास गर्ने खालका छन् भने उनीहरुले आफ्ना घर, परिवार र समाजमा त्यही अनुसारको शिक्षाको विकास गर्ने गर्छन् । कतिपय समाज र समुदायमा व्यक्तिगत, पारिवारिक तथा चरम गरिवीका कारण पनि शैक्षिक अवसरबाट वन्चित हुनुपर्ने अवस्था रहेतापनि वर्तमान समयमा

सरकारबाट निश्चित तहसम्म निःशुल्क शैक्षिक अवसरका लागि नीतिगत व्यवस्था गरेको छ ।

यद्यपि परिवार र समाजको वातावरण, घरपरिवारको शिक्षाप्रतिको धारणा आदिका कारण शैक्षिक अवस्थामा सकारात्मक तथा नकारात्मक दुवै किसिमको असर परिरहेको हुन्छ ।

सतार जातिका बालबालिकाको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरुलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

- परम्परागत समाज :- सतार समुदायका मानिसहरुको प्रमुख पेशाको रुपमा शिकार गर्ने, कन्दमुल खोज्ने, खेतीबारी गर्ने आदि रहेको छ । यसरी उनीहरुको पेशाका कारण उनीहरुको वस्ती प्राय जंगलको छेउछाउ हुने गर्दछ । यसरी उनीहरुको अलग्गै बस्ती भएका कारण पनि उनीहरुमा शिक्षाप्रति जागरुकता नआएकाले हालसम्म पनि शैक्षिक अवस्था माथि उठ्न सकेको छैन ।
- आर्थिक पछौटेपनः- यस अध्ययन क्षेत्रका सतार जातिहरुको आर्थिक रुपमा निकै नै दयनिय अवस्था रहेको छ । दैनिक रुपमा अरुकोमा गइ ज्यालादारी काम गरी आफ्नो गुजरा चलाउनु पर्ने बाध्यताका कारण पढाइ प्रति भन्दा पनि दैनिक कमाइ प्रतिको लगाव ज्यादा देखिएको पाइन्छ ।
- धेरै सन्तान हुनुः- यस अध्ययन क्षेत्रका सतार जातिहरुमा परिवार नियोजन लगायतको ज्ञानको कमी, छोराप्रतिको मोह आदिका कारण धेरै सन्तान उत्पादन गरेको पाइन्छ । यसरी सन्तानको संख्या धेरै भएकाले र खर्च पनि बढी नै हुने भएका कारण पनि विद्यालय नपठाउने गरेको पाइयो ।
- जनचेतनाको कमीः- अभिभावकहरुमा भएको जनचेतनाको अभावको कारण आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउनु पर्छ भन्ने भावनाको विकास

नभएका कारण पनि यस अध्ययन क्षेत्रका बालबालिकाहरु शिक्षाको उज्यालो बाट बन्चित रहेका छन् ।

- अभिभावकको अशिक्षाः- यस अध्ययन क्षेत्रका अभिभावकहरु अशिक्षित भएका कारण आफ्ना छोराछोरीहरुको शिक्षाप्रति सचेत नभएकाले, छोराछोरीहरुको शिक्षाप्रति चासो नदेखाउने भएकाले पनि बालबालिकाहरु शिक्षाको पहुँचबाट टाढै रहेको पाइन्छ ।
- अभिभावकहरु कुलतमा लाग्नुः- यस अध्ययन क्षेत्रका अधिकांश मानिसहरु विभिन्न कुलतमा लागेको पाइयो । दैनिक जसो जाँड-रक्सि आदि सेवन गर्ने भएकाले पनि खासै घरपरिवार साथै आफ्ना बालबालिकाहरुको भविष्यप्रति चासो नराखेको कारण पनि शिक्षा क्षेत्रमा यस अध्ययन क्षेत्रका बालबालिकाहरुले फड्को मार्न सकेका छैनन् ।

## ५.५ अध्ययन क्षेत्रका सतार जातिका बालबालिकामा रहेको शैक्षिक क्षेत्रमा प्रभाव पार्ने समस्याहरुः-

**लैङ्गिक समस्याः**

हाम्रो समाज प्राचीनकाल देखि नै पितृसत्तात्मक सोच र चिन्तनबाट संचालित छ, जसको कारण तुलनात्मक रुपमा महिलाहरु पुरुषहरु भन्दा पछि परेको देखिन्छ । सतार समुदायमा पनि छोरा र छोरी प्रतिको हेर्ने दृष्टिकोण फरक-फरक पाइन्छ । छोराहरुलाई पढ्नु पर्छ भनि विद्यालय पठाइएको पाइयो भने छारीहरुलाई भने खासै विद्यायलय पठाउन उत्प्रेरित गरिएको पाइएन । यस अध्ययन क्षेत्रका माझिहडाम समेत रहेका चुड्का किस्कुको भनाइ अनुसार छोरीहरुलाई सतार समुदायमा पछिसम्म पनि विद्यालय पठाउने चलन नभएका कारण पनि उनले आफ्ना छोरीहरुलाई विद्यालय नपठाएको बताउँछन् । तर हाल आएर बदलिँदो समाजसँगै उनले आफ्नी नातिनीलाई भने कक्षा १२ सम्मको अध्ययन गराएको बताए । यसरी लैङ्गिक

समस्याका कारण यस अध्ययन क्षेत्रका बालबालिकाहरुको शिक्षामा प्रभाव पारेको कुरा प्रष्ट हुन आउँछ ।

**अशिक्षाः-** नेपालमा अझै पनि कतिपय समुदायहरु अशिक्षित छन्, फलस्वरुप ती अशिक्षित अभिभावकका छोराछोरीले अपवादका रुपमा देखि बाहेक खासै पढेको पाइँदैन । त्यसै गरी यस अध्ययन क्षेत्रका सतार समुदायका अग्रजहरु पनि अशिक्षित भएका कारण उनीहरुका बालबालिकाहरु पनि विद्यालय जान खासै उत्प्रेरित भएको पाइँदैन । विद्यालय जाने उमेर समूहका बालबालिकाहरु पनि अन्य काममा ज्यालामजदुरीमा जाने, अरुको घरको काम गर्ने लगायतका काममा लागेको अध्ययनबाट पाइयो । यसै अध्ययन क्षेत्रका रतन मुर्मिले पढेर के हुन्छ र काम गर्न गएमा दैनिक २/४ भए पनि आउँछ जसले ५ के.जी. चामल किन्ने पैसा जोहो हुन्छ भनेको भनाइबाट समेत अशिक्षित मनस्थिति भएकै कारण आफ्ना बालबालिकाहरुलाई विद्यालय नपठाएको कुरा प्रष्ट हुन आउँछ ।

**विद्यालयको वातावरणः** विद्यालयमा शिक्षकले अन्य समुदायका बालबालिकाहरुर सतार समुदायका बालबालिका बीचमा भेदभाव गर्ने गरेको पाइयो । समान महत्वका साथ शिक्षण सिकाइ नगरिने साथै अन्य विद्यार्थी साथीहरुले पनि हेप्ने लगायतका प्रवृतीका कारण पनि बालबालिकाहरुको पढाइ प्रति खासै लगाव नरहेको पाइयो । यस कुरालाई यस अध्ययन क्षेत्रका बालक सरोज किस्कुहाल १३ वर्षका भए र कक्षा सातमा अध्ययनरत छन् । उनका बाबुआमा नजिकैको चियाबारीमा काम गर्ने र दुई दाजुहरु पनि सिकर्मी काम गर्ने भएकाले उनलाई आर्थिक समस्या नभएतापनि विद्यालयमा शिक्षकले अन्य जातका विद्यार्थीलाई जस्तो समान महत्व नदिने र आफ्ना साथीहरुले पनि हेप्ने गरेका कारण खासै विद्यालय जान मन नलाग्ने बताएकाले पनि उक्त कुरा अझ प्रष्ट हुन आउँछ ।

**बाल विवाहः**अहिले पनि हाम्रो समुदायमा बाल विवाह हुने गरेको पाइन्छ । हाम्रा कतिपय समुदाय अझै पनि यस्ता रुढीवादी सोचाइबाट ग्रस्त छन् की छोरीको विवाह रजस्वला हुनु भन्दा अगाडी नै गर्न पाइएमा मरेपछि स्वर्ग गइन्छ । यस्तो गलत धारणाको कारण हाम्रो समाजमा वाल विवाह गरिदिने चलन हाल पनि कायमै रहेको छ । त्यसै गरी सतार समुदायमा पनि कलिलै उमेर लगभग १५-१६ वर्षको उमेरमा विवाह गरिदिने चलन रहेको पाइयो । यस अध्ययन क्षेत्रकी एक महिला झुम्की मुर्मिको भनाइ अनुसार आफ्नो माइती घरमा धेरै सन्तान भएको, गरिबी समस्या आदिका कारण आफ्नो विवाह १४ वर्षमा नै भएको र पढ्न नपाएको गुनासो व्यक्त गरिन यसरी बाल विवाह यस अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई प्रभाव पार्ने एक प्रमुख समस्या रहेको अझ स्पष्ट हुन आउँछ ।

**आर्थिक समस्याः** हरेक कुराको पछाडि अर्थ जोडिएर आएकै हुन्छ । विना आर्थिक स्रोत कुनै पनि काम गर्न प्रायः असम्भव नै हुने गर्दछ । यस अध्ययन क्षेत्रका सतार जातिपनि आर्थिक रुपमा निकै नै पिछडिएका कारण र शिक्षाबाट तुरुन्तै प्रतिफल प्राप्त गर्न नसक्ने, दैनिक गुजारा चलाउन समेत धौधौ पर्ने भएका कारण, अरुको घरमा काम गर्ने, दैनिक ज्यालादारीमा काम गर्ने र दुई छाक टार्ने जोहो गर्ने र उक्त अर्थोपार्जन अन्य क्षेत्रमा लगानी गर्न पर्याप्त नहुने भएका कारण उनीहरुले बालबालिकाहरुलाई विद्यायलस्तरको साथै उच्च शिक्षासम्मको अध्ययन नगराएको पाइयो । यस समस्याका कारण यस अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई प्रभाव पारेको छ भन्ने स्पष्ट पार्नका लागि यसै अध्ययन क्षेत्रकी छात्रा मरियम मुर्मि हाल १५ वर्षकी भइन र कक्षा ८ मा अध्ययनरत छिन् । फुर्सदमा चियाबारीमा काम गर्न जाने, हालसम्म कुनै पनि संघसंस्थाले पढाइमा सहयोग नगरेको र आर्थिक समस्याका कारण अन्य साथीहरु ट्युशन पढ्न जाने तर आफु सोबाट बन्चित रहेको र घरमा पनि

सिकाउने मान्छे कोही पनि नहुँदा पढाइमा समस्या रहेको बताएकाले पनि यो कुरा अझ स्पष्ट हुन जान्छ ।

**समुदायको वातावरणः** समुदायमा प्रायः मानिसहरु अशिक्षित रहेको, अभिभावकहरु मादकपदार्थ आदि सेवन गर्ने गरेको कारण पनि आफ्ना बालबालिकाको भविष्य प्रति खासै चासो देखाइएको पाइएन । फलस्वरुप सतार जातिका बालबालिकाहरुको लागि उचित मार्गदर्शनको अभावमा विद्यालय गएको पाइएन । यस अध्ययन क्षेत्रका छात्र किरण मुर्मि हाल १० वर्षका भए र कक्षा २ मा स्थानीय दुर्गा मा.वि.मा अध्ययनरत छन् । उनको भनाइ अनुसार उनी विद्यालय नियमित रुपमा नजाने, साथीभाइसँग खेलेर बस्ने, खोलामा माछा मार्न जाने साथै अभिभावकहरुको त्यसप्रति कुनै पनि प्रतिकृया नरहने गरेकाले पनि नियमित विद्यालय नजाने गरेको पाइयो । यसरी समुदायको वातावरणपनि यस विषयप्रति जिम्मेवार रहेको कुरा प्रष्ट हुन जान्छ ।

यसरी उक्त अध्ययन क्षेत्रका सतार जातिहरु गरिवीको सिकार भएका कारण, उनीहरुलाई पढ्नु पर्छ भनेर मार्गदर्शन गर्ने व्यक्तिका अभाव भएका कारण पुराना पुस्ताहरु शिक्षाको उज्यालोबाट वन्चित रहेको पाइयो भने हालका पुस्ताहरुलाई उनीहरुले शिक्षा नपाएकै कारण दुःख पाएको भन्दै साथै अहिले विद्यालय पनि नजिकै भएको, अन्य समुदायका मानिसहरुका छोराछोरीहरु विद्यालय गएको देखेर पनि र छोराछारीहरुले पढेभने बुढेसकालमा कमाएर अलिक सुखका साथ पाल्छन् कि भन्ने आशामा समेत विद्यालय पढ्न पठाएको पाइयो ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गराउनुको साथै मुलुकको निमित्त अपरिहार्य, उत्पादनशिल, अनुशासित, देशभक्त, चरित्रवान र दक्ष नागरिक उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । क्षिा सामाजिक परिवर्तनको बाहकका साथै समाज मा मानयतथाहरुको संरक्षण सुधारको बाहक पनि हो ।

नेपालमा जम्मा १२५ जातजातिहरु रहेका छन् । जहाँ ५९ प्रकारका आदिवासी जनजातिहरु सुचिकृत रहेका छन् । जसमध्ये तराइ क्षेत्रमा वसोबास गर्ने सतार जाति पनि एक हो । नेपालका मुलबासी सतार जातिहरु नेपालको तराइ भू-भागमा परापूर्व कालदेखि नै वस्दै आएको पाइन्छ । सतार जातिको प्रमुख विशेषता भनेको सोझोपन र इमान्दारिता नै हो । आफ्नो छुट्टै पहिचान, खानपिन, रितिरिवाज, भेषभुषा, पहिरन रहेको सतार जातिको प्रमुख व्यक्तिलाई माझिहडाम भनिन्छ ।

यो अध्ययन झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ मा बसोबास गर्ने सतार जातिको शैक्षिक अवस्थामा आधारित रहेको छ । यो अध्ययनको प्रमुख उद्देश्य सतार जातिको वर्तमान शैक्षिक अवस्थाको जानकारी लिनु र सतार जातिको शैक्षिक उपलब्धी र शिक्षा हासिल गर्दा के-के तत्वले प्रभाव पारेको छ भन्ने रहेको छ ।

अध्याय दुईमा साहित्यिक पुनरावलोकन सम्बन्धमा केन्द्रित रहेको छ । पूर्व साहित्य अन्तर्गत सतार समुदायको सन्दर्भमा विगतमा विभिन्न लेखहरुद्धारा प्रकाशित पुस्तक तथा पत्र पत्रिकाहरुमा आधारित अध्ययनलाई सन्दर्भ सामाग्रीको रुपमा उल्लेख गरिएको छ ।

अध्याय तीन यस शोधपत्र अध्ययनका क्रममा प्रयोग गरिएको अनुसन्धान पद्धतीको व्याख्या र विश्लेषणमा आधारित रहेको छ । यी माथिका उद्देश्यमा केन्द्रित रही गरिएको यस अध्ययन विर्तामोड नगरपालिका वडा नं. ७ मा बसोबास गरिरहेको ३८ घरधुरी मध्ये १० घरधुरीसँग सम्बिन्धित रहेको छ । जसमा स्वयं अनुसन्धानकर्ता गइ जनगणना विधिबाट अध्ययन गरिएको छ । यस अध्ययनले

सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति तथा संघसंस्थाहरुलाई सहयोग र नेपाल सरकारको आगामी दिनका योजना तथा लक्ष्यका लागि उपयोगी हुन सक्नेछ । यस अध्ययनको तथांकलाई व्याख्यात्मक तथा विश्लेषणात्मक रुपमा उल्लेख गरिएको छ ।

त्यसैगरि अध्याय चार अध्ययन क्षेत्रको सामान्य परिचय तथा सामाजिक अवस्थासँग सम्बन्धित छ । उक्त अध्ययन क्षेत्रमा करिव ३८ घरधुरी रहेका छन् । जसमध्ये १० घरधुरीलाई यस अध्ययनमा समेटिएको छ । जसमा जम्मा जनसंख्या ८५ जना रहेको छ । जसमध्ये महिला ४१ जना र पुरुष ४४ जना रहेका छन् । यस अन्तर्गत ०-१० वर्ष उमेर समुहका महिाल २ जना र पुरुष ३ जना त्यसै गरि १०-२० वर्ष उमेर समुहका महिला ४ जना र पुरुष ७ जना रहेका छन् । त्यसै गरि २०-३० वर्ष उमेर समुहका महिलाको संख्या ८ जना र पुरुषको संख्या पनि ८ जना नै रहेको उक्त अध्ययन क्षेत्रको अनुसन्धानबाट देखिएको छ । सोही अनुसार ३०-६० भन्दा माथि उमेर समुहमा रहेका जम्मा ५३ जना मध्ये २७ जना महिला र २६ जना पुरुषको संख्या रहेको छ ।

सतार जातिका पुरुषहरु कामकाजको सिलसिलामा घरभन्दा टाढा जाने, केही समय घर आउन नपाउने लगायतका बाध्यताका कारण अहिले पनि सतार जाति संयुक्त परिवारमा नै बस्ने गरेको पाइन्छ । उक्त अध्ययन क्षेत्रका १० घरधुरीमा गरिएको स्थलगत अध्ययन अनुसार ३ घरधुरी एकल परिवारमा रहने गरेको र ७ घरधुरी संयुक्त परिवारमा वस्ने गरेको पाइयो ।

मानिसहरु बसोबास गर्नका साथै मानिसहरुका लागि आवश्यक चिज , वस्तु उत्पादनका लागि जमिन महत्वपूर्ण साधन मानिन्छ । सतार समुदायको परिवारको स्वामित्वमा रहेको भूमिको अवस्था अध्ययन गर्दा १० घरधुरी मध्ये भूमिविहिन घरधुरी २ ओटा रहेको त्यसै गरि १ कट्ठा जमिन हुने घरधुरी ४, ३ कट्ठा जमिन हुने घरधुरी ३, ५ कट्ठा जमिन हुने घरधुरी १ रहेको उक्त स्थलगत अध्ययनबाट पाइयो ।

त्यसैगरी अध्याय पाँचमा अध्ययनबाट प्राप्त सूचना तथा तथांकहरुमा आधारित भई सतार जातिको शैक्षिक अवस्था र सामाजिक पक्षहरुको बारेको अध्ययनलाई

समेटिएको छ । नेपालम अरु जातिहरुको तुलनामा सतार जातिको साक्षरता अझै पनि न्यून रहेको देखिन्छ ।

अध्ययन क्षेत्रका सतार जातिको शैक्षिक अवस्थालाई हेर्दा आमावावुले उमेर नै नपुगी विचमै पढाइ छुटाएर विवाह गरिदिने गरेको पाइयो । सामान्यतया लगभग १६ वर्ष सम्ममा छोराछोरी दुवैको विवाह गरिदिएको सो अध्ययन क्षेत्रको स्थलगत अध्ययनमा भेटियो ।

यस समुदायको परिवारमा छोराछोरीलाई सुरुसुरुमा शिक्षा प्राप्तिका सन्दर्भमा विभेद गरेको पाइएतापनि हाल समाजमा आएको परिवर्तनसँगै छोराछोरी दुवैलाई समान रुपमा व्यवहार गरि विद्यालय पठाउने गरेको पाइयो ।  परिवार र समाज संचालन गर्नका लागि विवाह महत्वपूर्ण पक्ष मानिन्छ । महिलाहरुको वैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तित समाजमा एक अर्कासँग जोडिएको पाइन्छ । शिक्षित महिला भएको पुरै घरनै शिक्षित हुन्छ । सुरुका पुस्तामा महिलाहरुलाई पढाउने चलन नरहेता पनि हाल आएर दुवैलाई सकेसम्म समान रुपमा शिक्षा दिने गरेको पाइयो ।

कुनै पनि व्यक्तिको शैक्षिक अवस्थालाई उक्त व्यक्तिको परिवार, छर-छिमेक र समाजको वातावरणले पनि निर्धारण गरको हुन्छ । यसैगरि अध्ययन क्षेत्रको सतार जातिको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरुमा परम्परागत समाज, आर्थिक पछौटेपन, धेरै सन्तान हुनु, जनचेतनाको कमी हुनु, अभिभावक अशिक्षित हुनु र वेरोजगारी रेहेका छन् ।

## ६.२ निष्कर्षः-

शिक्षाले व्यक्तिको व्यक्तित्वको विकास गर्नुका साथै समाज तथा देशको विकासमा पनि प्रमुख भूमिका खेल्दछ । भनिन्छ, शिक्षा नै देश विकासको मेरुदण्ड हो । शिक्षा प्राप्तिमा सबै जातजाति, भाषा, धर्म, लिङ्ग, समुदाय, वर्ग जो सुकैलाई पनि बराबरको हक अधिकार छ तर ती सबै वर्ग समुदाय,लिङ्ग, धर्म र जातिको शिक्षामा पहुँच, सहभागिता र उपलब्धि बराबर नभए पनि आजभोलिको वर्तमान युगमा शिक्षाको महत्व बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रका सतार जातिहरुको पनि चेतनाको स्तरमा क्रमशः वृद्धि हुँदै गइरहेको छ । त्यहाँको समग्र शैक्षिक स्तरमा पनि सुधार हुँदै गइरहेको छ । तर शिक्षाको स्तर वढ्दै जाँदा आर्थिक

अभावका कारण विद्यालय छाड्ने बालबालिकाको संख्यामा भने अझै पनि कमी आउन सकेको छैन । सतार समुदायमा काम गर्न सक्ने उमेर भएपछि विद्यालय छोड्ने गरेको पाइयो ।

- सतार जाति एकल परिवार भन्दा संयुक्त परिवारमा बस्ने गरेको पाइयो । किनभने अध्ययन क्षेत्रमा संयुक्त परिवारको घरधुरी संख्या बढी रहेको पाइयो ।
- शैक्षिक क्षेत्रमा पछाडी परेका सतार जातिहरु आजभोली अरुको देखासिखी गरेर र शैक्षिक चेतनाको विकास भएका कारण आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउन थालेको पाइन्छ ।
- पहिला छोरालाई मात्र विद्यालय पठाउने गरेता पनि हाल आएर छोरीछोरीहरुलाई समान रुपमा विद्यालय पठाउने गरेको पाइयो ।
- शिक्षाको कमीका कारण यस अध्ययन क्षेत्रका सतार जातिहरु अरुको घरमा काम गर्ने, ज्यालामजदुरी लगायतका काममा संलग्न भएको पाइयो ।
- आज भोलीको बदलिँदो परिवेशमा केही युवाहरु विदेशिने क्रम रहेको पनि यस अध्ययन क्षेत्रको स्थलगत अध्ययनबाट पाइयो ।
- सतार जातिको शिक्षामा प्रभाव पार्ने तत्वहरुमा परम्परागत सोचाइ, आर्थिक अभाव, अशिक्षा, चेतनाको कमी र वेरोजगारी आदिनै प्रमुख रहेको पाइयो ।

उमेर नपुग्दै विवाह गर्ने, शिक्षा र चेतनाको कमी, आर्थिक अवस्था कमजोर, धेरै सन्तान हुनु र वेरोजगार आदि समस्याहरुका कारण सतार जातिका मानिसहरु उच्च शिक्षामा सहभागीता देखिँदैन । घर परिवारको खर्च टार्न आर्थिक उपार्जनमा लाग्नु भएका कारण विचमा नै पढाइ छोड्ने गरेको पाइएको छ । चेतनाको स्तरमा वृद्धि हुँदै गएको कारण आफूहरुले पढ्न नपाएतापनि आफ्ना छोराछारीहरुलाई भने विद्यालय पठाउनु पर्छ भन्ने मानसिकताको विकास यस अध्ययन क्षेत्रका सतार जातिको पाइयो ।

## सन्दर्भ सामाग्री


आचार्य गोविन्द, अशोक सतार, विर बहादु खड्का र जितेन्द्र कुमार चौधरी ( २०६५) नेपाली लोकवार्ता तथा संस्कृति, काठमाडौँः नेपाली लोकवार्ता तथा संस्कृती समाज ।

आचार्य, बाबुराम (२०७०), सतार जातिको मूल घर कहाँ हो? नेपालसांस्कृतिक परिषद् पत्रिका ।

आचार्य बलराम, (२०७०), नेपालमा समाज र संस्कृति,काठमाडौं : नेशनल बुक्स सेन्टर ।

अधिकारी, हेमाङ्गराज (२०७१), प्रयोगात्मक नेपाली शब्दकोष, काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

केन्द्रिय तथ्यांक विभाग (२०६९/७०), थापाथली काठमाडौं : चैत्र-असार चौमासिक तथ्यांक गतिविधि ।

गुरुङ हर्क, (२००२), जातजाति समस्या र समाधानका उपाय, काठमाडौं : नेपाली जनजाति महासंघ ।

पौडेल लेखनाथ (२०७१), समाजशास्त्रका सैद्धान्तीक दृष्टिकोणहरु, काठमाडौं : सनलाइट पब्लिकेशन ।

विष्ट डोरबहादुर, (१९७६), पिपुल अफ नेपाल, काठमाडौं : रत्न राज्य पुस्तक भण्डार ।

विष्ट डोरबहादुर, (२०६४), सबै जातको फूलबारी, ललितपुर : साझा प्रकाशन ।

राई चण्डिराज (२०५६), नेपालको संसद्मा जनजातिहरुको प्रतिनिधित्व : एक अध्ययन, काठमाडौं, त्रियुगा अफसेट प्रेस ।

Census ( 2011) National population and housing, Kathmandu: Central of Statistics .

Rai Raju Kumar and Timilsina Madhab Prasad (2070), Social change and development studies, Kathmandu, Academic Book Centre .

Luitel, Samira(2008), Gender Studies, Kathmandu, Academic Book Centre .

Lynn Bennet(1983), Dangerous Wives and Scared Sister, Social and symbolic role of high caste women in Nepal, Columbia University .

Nobel Trevor(2000), Social Theory and Social Change, new York, St. Martin's Press, Inc, Scholarly and Reference Division, 175 fifth Avenue.

**अविभावकलाई सोधिएका प्रश्नहरु**

- तपाईको नाम के हो ?
- तपाई कति वर्षको हुनु भयो ?
- तपाईले कति कक्षा सम्म पढ्नु भएको छ ?
- तपाई अहिले के काम गर्नु हुन्छ ?
- दैनिक कति कमाउनु हुन्छ ?
- तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?
- छोराछोरीलाई त स्कुल पठाउनु हुन्छ नि ?
- तपाईले त पढ्नु भएको छैन, छोराछोरीलाई विद्यालय पठाउनु पर्छ भन्ने भावना कसरी आयो ?
- अरु पनि कुनै कारण छन् की तपाइले छोराछोरी विद्यालय पठाउनुमा ?

**<u>विद्यार्थीलाई सोधिएका प्रश्नहरु</u>**

- ❖ तपाइको नाम के हो ?
- ❖ कति वर्षको हुनु भयो ?
- ❖ कति कक्षामा पढ्नु हुन्छ ?
- ❖ तपाइको विद्यालयको नाम के हो ?
- ❖ तपाई पढ्नु मात्र हुन्छ की फुर्सदमा अरु काम पनि गर्नु हुन्छ ?
- ❖ तपाईलाई पढ्नमा कुनै संस्थाले सहयोग गर्छ ?
- ❖ तपाईलाई विद्यालयमा भाषिक लगायतका अन्य कुनै समस्या छन् की ?
- ❖ पढाइ सकेपछि के गर्छु भन्ने सोचाइ छ त तपाइको ?